नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

**परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११/१२)**
**सानोठिमी, भक्तपुर्को**
**परीक्षा सञ्चालन सम्बन्धी**

## विज्ञप्ति

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा सञ्चालन गरिने २०८२ सालको माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) को साधारण तथा प्राविधिक विषय समूह तर्फका नियमित र आंशिक परीक्षार्थीहरूको वार्षिक परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्णयानुसार मिति २०८२/०१/२१ देखि मिति २०८२/०२/०२ गतेसम्म सञ्चालन हुने व्यहोरा अनुरोध छ । समयतालिका अनुसार परीक्षा पूर्व गर्ने गराउने आवश्यक सम्पूर्ण तयारी पूरा गरिसकिएको छ । उक्त परीक्षामा **५२०२** विद्यालयका नियमिततर्फ **३,९५,९०८** (जसमध्ये छात्र **१,९८,८७५** छात्रा **१,९७,०१३** र अन्य **२०**) तथा आंशिकतर्फ **१,१५,६१७** गरी कूल जम्मा **५,११,५२५** परीक्षार्थीहरू सहभागी हुनेछन् । परीक्षार्थी सङ्ख्या अनुसार सबैभन्दा कम मनाङ जिल्ला कूल **४५** र सबैभन्दा बढी काठमाडौं जिल्लाबाट **६८,१३३** परीक्षार्थी सहभागी हुनेछन् । नेपालभर जम्मा १५९० र जापानमा १ समेत गरी कूल **१५९१** परीक्षा केन्द्रहरू निर्धारण गरिएको छ । जसमध्ये सबैभन्दा बढी काठमाडौं जिल्लामा **१६२** वटा र सबैभन्दा कम मनाङ/मुस्ताङ जिल्लामा **१/१** केन्द्र निर्धारण गरिएको छ ।

### प्रदेशगत परीक्षा केन्द्र तथा सहभागी हुने परीक्षार्थीहरूको सङ्ख्या

| सि.नं. | प्रदेश | केन्द्र संख्या | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|
| | | | नियमित | आंशिक | जम्मा |
| १ | कोशी | २६२ | ६२,१२९ | २०,७४२ | ८२,८७१ |
| २ | मधेश | २२३ | ५२,८८९ | १६,९१९ | ६९,८०८ |
| ३ | बागमती | ४०० | १,१६,३१३ | १८,९२७ | १,३५,२४० |
| ४ | गण्डकी | १४७ | ३३,६९२ | ९,६५७ | ४३,३४९ |
| ५ | लुम्बिनी | २६४ | ६६,७६७ | २३,९११ | ९०,६७८ |
| ६ | कर्णाली | १३४ | २७,७५८ | ११,१३० | ३८,८८८ |
| ७ | सुदूरपश्चिम | १६० | ३६,३२३ | १४,३३१ | ५०,६५४ |
| ८ | जापान | १ | ३७ | ० | ३७ |
| | **जम्मा** | १५९१ | ३,९५,९०८ | १,१५,६१७ | ५,११,५२५ |

### परीक्षाको अवधिमा खटिने जनशक्तिको विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | विवरण | सङ्ख्या |
|---|---|---|
| १. | केन्द्राध्यक्ष | १,५९१ |
| २. | सहायक केन्द्राध्यक्ष | २,१९७ |
| ३. | निरीक्षक | २१,५५३ |
| ४. | परीक्षा केन्द्रमा खटिने कर्मचारी | २,१९७ |
| ५. | कार्यालय सहयोगी | १,५९१ |
| ६. | सुरक्षाकर्मी | १९,०८० |
| | जम्मा | ४८,२०९ |

परीक्षा आफैँमा सम्वेदनशील विषय भएको यथार्थ सबैसामु स्पष्ट छ । कक्षा १२ को अन्त्यमा हुने माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) को वार्षिक परीक्षालाई स्वच्छ, मर्यादित, अनुशासित, व्यवस्थित र विद्यार्थीमैत्री बनाई सहज र प्रभावकारी वातावरणमा परीक्षा सञ्चालन व्यवस्थापन गर्नका लागि परीक्षा अवधिभर विद्युत आपूर्ति, ईन्टरनेट सेवा लगायतका सेवालाई प्रभावकारी बनाई शान्त र मर्यादित वातावरणमा परीक्षा सञ्चालन गर्न सहयोग पुऱ्याईदिनु हुन सम्पूर्ण शिक्षक, कर्मचारी, अभिभावक, जनप्रनिधी, राजनीतिक दल, सेवा प्रदायक संघ/संस्थाहरू, विभिन्न जनवर्गीय संघ संस्थाहरू, पत्रकार तथा सरोकारवालाहरू सबैमा हार्दिक अनुरोध गर्दछौं ।

**परीक्षामा सहभागी हुने परीक्षार्थीहरुको कार्यालयगत विवरण तपसिल अनुसार रहेको छ ।**

| सि.नं. | कार्यालय | केन्द्र संख्या | परीक्षार्थी संख्या | | |
|---|---|---|---|---|---|
| | | | नियमित | आंशिक | जम्मा |
| १ | विराटनगर | २१७ | ५३,९२९ | १८,०३४ | ७१,९६३ |
| २ | लाहान | ९३ | १९,१७१ | ५,९७२ | २५,१४३ |
| ३ | जनकपुर | १०४ | २५,००६ | ८,१२५ | ३३,१३१ |
| ४ | हेटौडा | १५३ | ३५,७०४ | १२,०८५ | ४७,७८९ |
| ५ | पोखरा | १२५ | २८,२२९ | ७,९९१ | ३६,२२० |
| ६ | बुटवल | १७० | ४०,७०९ | १३,६५१ | ५४,३६० |
| ७ | दाङ | ९७ | २४,९९९ | ७,०६६ | ३२,०६५ |
| ८ | नेपालगञ्ज | ५० | १२,८८४ | ५,९२२ | १८,८०६ |
| ९ | सुर्खेत | १०३ | २१,३९६ | १०,०६८ | ३१,४६४ |
| १० | धनगढी | ७३ | २०,५३७ | ९,३६६ | २९,९०३ |
| ११ | डडेल्धुरा | ८७ | १५,७८६ | ४,९६५ | २०,७५१ |
| १२ | काठमाण्डौ | ३१८ | ९७,५२१ | १२,३७२ | १,०९,८९३ |
| १३ | जापान | १ | ३७ | ० | ३७ |
| **जम्मा** | | **१५९१** | **३,९५,९०८** | **१,१५,६१७** | **५,११,५२५** |

**परीक्षामा सहभागी हुने परीक्षार्थीहरुको जिल्लागत विवरण तपसिल अनुसार रहेको छ ।**

| सि.नं. | जिल्लाको नाम | केन्द्र संख्या | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|
| | | | नियमित | आंशिक | जम्मा |
| 1 | TAPLEJUNG | 9 | 1163 | 717 | 1880 |
| 2 | PANCHTHAR | 10 | 1641 | 822 | 2463 |
| 3 | ILAM | 12 | 2197 | 873 | 3070 |
| 4 | JHAPA | 49 | 14886 | 3940 | 18826 |
| 5 | MORANG | 62 | 17136 | 4605 | 21741 |
| 6 | SUNSARI | 38 | 11425 | 4141 | 15566 |
| 7 | DHANKUTA | 11 | 1711 | 856 | 2567 |
| 8 | TEHRATHUM | 8 | 821 | 416 | 1237 |
| 9 | SANKHUWASABHA | 7 | 1445 | 895 | 2340 |
| 10 | BHOJPUR | 11 | 1504 | 769 | 2273 |

| सि.नं. | जिल्लाको नाम | केन्द्र संख्या | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|
| | | | नियमित | आंशिक | जम्मा |
| 11 | SOLUKHUMBU | 9 | 1033 | 300 | 1333 |
| 12 | OKHALDHUNGA | 9 | 1681 | 375 | 2056 |
| 13 | KHOTANG | 10 | 1701 | 881 | 2582 |
| 14 | UDAYAPUR | 17 | 3785 | 1152 | 4937 |
| 15 | SAPTARI | 27 | 6226 | 1468 | 7694 |
| 16 | SIRAHA | 30 | 5778 | 2096 | 7874 |
| 17 | DHANUSHA | 34 | 9433 | 2708 | 12141 |
| 18 | MAHOTTARI | 22 | 4930 | 2042 | 6972 |
| 19 | SARLAHI | 30 | 6997 | 2124 | 9121 |
| 20 | SINDHULI | 18 | 3646 | 1251 | 4897 |
| 21 | RAMECHHAP | 13 | 1645 | 470 | 2115 |
| 22 | DOLAKHA | 8 | 1541 | 448 | 1989 |
| 23 | SINDHUPALCHOK | 11 | 2118 | 318 | 2436 |
| 24 | KAVREPALANCHOK | 24 | 4669 | 734 | 5403 |
| 25 | LALITPUR | 44 | 13571 | 1466 | 15037 |
| 26 | BHAKTAPUR | 17 | 6162 | 1022 | 7184 |
| 27 | KATHMANDU | 162 | 61464 | 6669 | 68133 |
| 28 | NUWAKOT | 11 | 1914 | 481 | 2395 |
| 29 | RASUWA | 3 | 291 | 75 | 366 |
| 30 | DHADING | 16 | 3113 | 389 | 3502 |
| 31 | MAKWANPUR | 21 | 5273 | 2045 | 7318 |
| 32 | RAUTAHAT | 31 | 7780 | 1008 | 8788 |
| 33 | BARA | 23 | 4455 | 2906 | 7361 |
| 34 | PARSA | 26 | 7290 | 2567 | 9857 |
| 35 | CHITWAN | 52 | 10906 | 3559 | 14465 |
| 36 | GORKHA | 10 | 2071 | 796 | 2867 |
| 37 | LAMJUNG | 6 | 1412 | 521 | 1933 |
| 38 | TANAHUN | 15 | 4073 | 1093 | 5166 |
| 39 | SYANGJA | 21 | 2922 | 1220 | 4142 |
| 40 | KASKI | 44 | 12077 | 2578 | 14655 |
| 41 | MANANG | 1 | 36 | 9 | 45 |
| 42 | MUSTANG | 1 | 77 | 26 | 103 |
| 43 | MYAGDI | 5 | 1184 | 454 | 1638 |
| 44 | PARBAT | 7 | 1254 | 427 | 1681 |
| 45 | BAGLUNG | 15 | 3123 | 867 | 3990 |
| 46 | GULMI | 17 | 2933 | 753 | 3686 |
| 47 | PALPA | 19 | 3111 | 1120 | 4231 |
| 48 | NAWALPARASI (WEST) | 15 | 3584 | 1720 | 5304 |
| 49 | NAWALPARASI (EAST) | 22 | 5463 | 1666 | 7129 |
| 50 | RUPANDEHI | 63 | 18854 | 4999 | 23853 |

| सि.नं. | जिल्लाको नाम | केन्द्र संख्या | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|
| | | | नियमित | आंशिक | जम्मा |
| 51 | KAPILVASTU | 23 | 4873 | 2630 | 7503 |
| 52 | ARGHAKHANCHI | 11 | 1891 | 763 | 2654 |
| 53 | PYUTHAN | 8 | 2430 | 1213 | 3643 |
| 54 | ROLPA | 9 | 2055 | 1135 | 3190 |
| 55 | RUKUM (EAST) | 5 | 818 | 465 | 1283 |
| 56 | RUKUM (WEST) | 15 | 3116 | 548 | 3664 |
| 57 | SALYAN | 16 | 3246 | 514 | 3760 |
| 58 | DANG | 44 | 13334 | 3191 | 16525 |
| 59 | BANKE | 30 | 8915 | 3492 | 12407 |
| 60 | BARDIYA | 20 | 3969 | 2430 | 6399 |
| 61 | SURKHET | 30 | 7352 | 4153 | 11505 |
| 62 | DAILEKH | 19 | 3499 | 2271 | 5770 |
| 63 | JAJARKOT | 18 | 3931 | 982 | 4913 |
| 64 | DOLPA | 4 | 542 | 126 | 668 |
| 65 | JUMLA | 9 | 1874 | 704 | 2578 |
| 66 | KALIKOT | 12 | 2795 | 1242 | 4037 |
| 67 | MUGU | 6 | 824 | 273 | 1097 |
| 68 | HUMLA | 5 | 579 | 317 | 896 |
| 69 | BAJURA | 8 | 1782 | 704 | 2486 |
| 70 | BAJHANG | 12 | 2838 | 473 | 3311 |
| 71 | ACHHAM | 17 | 2721 | 683 | 3404 |
| 72 | DOTI | 8 | 1842 | 456 | 2298 |
| 73 | KAILALI | 47 | 13601 | 6314 | 19915 |
| 74 | KANCHANPUR | 26 | 6936 | 3052 | 9988 |
| 75 | DADELDHURA | 11 | 1497 | 995 | 2492 |
| 76 | BAITADI | 18 | 3297 | 970 | 4267 |
| 77 | DARCHULA | 13 | 1809 | 684 | 2493 |
| 78 | JAPAN | 1 | 37 | 0 | 37 |
| | | 1591 | 395908 | 115617 | 511525 |

**परीक्षालाई व्यवस्थित, मर्यादित र विश्वसनीय बनाउन निम्न अनुसार व्यवस्था गरिएकोछ ।**

**अनुगमन/निरीक्षण**

- प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा प्रत्येक जिल्लामा ***जिल्ला परीक्षा समन्वय समिति*** गठन भएको र सो समितिमार्फत अनुगमन/पर्यवेक्षणको व्यवस्था मिलाइएको ।
- प्रदेशको शिक्षा हेर्ने मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा रहेको प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिबाट अनुगमन हुने व्यवस्था मिलाइएको ।
- काठमाडौं उपत्यका भित्रका केन्द्रहरूको परीक्षा अनुगमनको लागि विशेष व्यवस्था मिलाईएको ।
- काठमाडौं उपत्यका बाहिरका परीक्षा केन्द्रहरूमा समेत जिल्ला परीक्षा समन्वय समिति एवं बोर्डका प्रदेश तथा शाखा कार्यालयहरूद्वारा नियमित अनुगमनको व्यवस्था मिलाइएको ।

**सूचना सम्प्रेषणः**

- परीक्षा सञ्चालन हुने दुई दिन अघिदेखि परीक्षा सञ्चालन अवधिभर सूचना आदान प्रदान गर्न उपनियन्त्रकको नेतृत्वमा फोन नं ०१-६६३८१४९, ०१-६६३०७४७ भएको परीक्षा कन्ट्रोल रुमको व्यवस्था गरिएको ।
- सम्पूर्ण केन्द्राध्यक्षज्यू तथा बोर्डका कार्यालय प्रमुखहरूलाई परीक्षा सम्बन्धी सूचना समूह म्यासेज (Bulk SMS) को रूपमा मोबाइलमार्फत गराइने व्यवस्था रहेको ।
- परीक्षार्थीहरूलाई निजको प्रवेशपत्रमा रहेको नाम, थर, जन्ममिति, विषय, रजिष्ट्रेशन र सिम्बोल नम्बर रुजु गर्ने पद्धतिको विकास भएको । सो को लागि राष्ट्रिय परीक्षा बोर्डको website www.neb.gov.np मा गई student's exam memo मा गएर कक्षा र Reg No. entry गरेर हेर्न सक्ने व्यवस्था गरिएको ।
- परीक्षा अवधिभर परीक्षा सम्बन्धी आवश्यक सूचना सम्प्रेषण गर्न सूचना बोर्ड १६१८०१६६३९००२ को व्यवस्था गरिएको ।

**मोबाईल फोन निषेधः**

- परीक्षा सञ्चालन अवधिभर केन्द्राध्यक्षबाहेक अन्य कसैले पनि परीक्षा केन्द्रमा मोबाईल फोन लैजान पूर्णतः निषेध गरिएको छ ।
- परीक्षार्थीहरूलाई परीक्षा हलभित्र मोबाईल फोन, स्मार्ट घडी लगायत इलेक्ट्रोनिक डिभाइस (लोडेड डकुमेण्ट नभएको क्याल्कुलेटर बाहेक) लैजान निषेध गरिएको छ ।
- परीक्षाको मर्यादा विपरित शिक्षक/कर्मचारी/निरीक्षक/परीक्षाथीहरूबाट मोबाईल लगायत प्रतिबन्धित सामग्री लगेको अवस्थामा सर्च/अनुगमन गर्दा नियन्त्रणमा लिएमा उक्त सामाग्रीहरूका सम्बन्धमा शिक्षा ऐन २०२८ को दफा १७ (१ क) 'च' अनुरुप परीक्षाको मर्यादा भङ्ग गरेको ठानिने हुँदा सो बमोजिम कानुनी कारवाही भोग्नु पर्ने व्यहोराको जानकारी गराइएको ।
- मोबाईल फोन प्रयोग गर्ने परीक्षार्थीको सम्पूर्ण विषयको परीक्षा रद्द हुने व्यहोरा केन्द्राध्यक्षमार्फत अभिभावक र परीक्षार्थीहरूलाई जानकारी गराइएको ।
- निर्देशनको वरखिलाप गरी परीक्षाको मर्यादा विपरित निर्देशनको उल्लंघन गर्दै परीक्षा कोठाभित्र लैजान निषेध गरिएको प्रतिबन्धित सामग्री मोबाइल तथा स्मार्टघडी लगायत इलेक्ट्रोनिक्स डिभाइस लगेको पाईएमा त्यस्ता सामग्री जफत गरी ऐनको दफा १७ (२) बमोजिम आवश्यक कानुनी प्रक्रिया पूरा गरी कारवाही गर्न राष्ट्रिय परीक्षा बोर्डबाट मिति २०८०/१२/२५ गते निर्णय (अध्यक्षस्तरीय) भएको हुँदा परीक्षाको मर्यादा उल्लंघन गर्ने त्यस्ता व्यक्तिलाई जिल्ला परीक्षा समन्वय समितिसँग समन्वय गरी कानुनी प्रक्रिया अगाडि बढाउन सम्पूर्ण केन्द्राध्यक्षज्यूहरूलाई निर्देशन दिइएको ।

**विशेष व्यवस्था :**

- कम श्रवणशक्ति भएका, दृष्टिविहिन वा सुस्त मनस्थिति वा अन्य प्रकृतिको अपांगता भएका परीक्षार्थीहरुका लागि परीक्षा दिने विशेष व्यवस्था गरिएको छ ।
- कारागार वा बालसुधार गृहमा रहेका परीक्षार्थीहरुलाई परीक्षा दिने व्यवस्था मिलाईएको छ ।
- सरकारी संयन्त्रलाई पूर्ण रुपमा परिचालन गरिएको ।
- कानुनले नै बनाएको जिल्ला परीक्षा समन्वय समितिलाई पूर्ण जवाफदेही र अधिकार सम्पन्न बनाईएको ।
- केन्द्रीय सुरक्षा समिति तथा जिल्ला परीक्षा समन्वय समितिहरूको बैठकबाट परीक्षालाई व्यवस्थित र मर्यादित रुपमा सञ्चालन गर्ने सम्बन्धमा भएका निर्णयहरू कार्यान्वयन गरिएको ।
- जिल्ला परीक्षा समन्वय समिति वा परीक्षा नियन्त्रकको अनुमति बिना जो कोहीलाई पनि परीक्षा केन्द्रमा प्रवेश गर्न नदिने व्यवस्था गरिएको ।
- परीक्षालाई मर्यादित, अनुशासित र व्यवस्थित रुपमा सञ्चालन गर्न परीक्षा केन्द्रमा निरीक्षक नियुक्ति गर्दा क्याम्पस/विद्यालयका परीक्षा सम्बन्धी काममा अनुभव भएका शिक्षकहरूमध्येबाट नियुक्ति गर्न जिल्ला परीक्षा समन्वय समितिले केन्द्राध्यक्षलाई निर्देशन दिन सक्ने व्यवस्था भएको ।

- परीक्षाको मर्यादा पालना नगरेको भन्ने कुरामा जिल्ला परीक्षा समन्वय समिति विश्वस्त भएमा उक्त समितिलाई तत्काल केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष र निरीक्षकलाई परिवर्तन गर्न सक्ने अधिकार रहेको छ ।
- विगतका परीक्षाहरुमा परीक्षाको मर्यादा उल्लंघन गरी कारवाहीमा परेका व्यक्तिहरू (परीक्षा सम्बन्धी कुनैपनि जिम्मेवारीमा) नियुक्ति भएको पाइएमा जिल्ला परीक्षा समन्वय समितिले फेरबदल गर्न सक्ने व्यवस्था मिलाइएको ।
- परीक्षाको मर्यादा विपरित कार्य गराउने गरेको पाइएमा त्यस्तो परीक्षा केन्द्र खारेज गर्न सिफारिस गर्ने अधिकार जिल्ला परीक्षा समन्वय समितिलाई दिइएको ।
- परीक्षार्थीको प्रवेशपत्र र बोर्डबाट उपलब्ध गराइएको ट्रिप्लिकेटमा विषय फरक परेमा प्रवेशपत्र अनुसारको विषय कायम गर्न र सिम्बोल नम्बर फरक परेमा ट्रिप्लिकेट अनुसारको सिम्बोल नम्बर कायम गरी परीक्षामा सहभागी हुने व्यवस्था गरिएको ।

**प्रश्नपत्र सम्बन्धमा**

- विद्युतीय माध्यममार्फत परीक्षा सुरु हुनुभन्दा न्यूनतम आधा घण्टा अगाडि अनिवार्य रूपले बोर्डको System बाट प्रश्नपत्र पठाइने व्यवस्था मिलाइएको ।
- हरेक परीक्षा केन्द्रको छुट्टाछुट्टै User ID Create गरिएको ।
- हरेक परीक्षा केन्द्रले आफ्नो User ID बाट Login गरी केन्द्राध्यक्षको मोबाईलमा प्राप्त हुने OTP बाट मात्र प्रश्नपत्र डाउनलोड हुने व्यवस्था मिलाईएको ।
- केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष र केन्द्रमा खटिएका एकजना सुरक्षा प्रमुखको रोहवरमा मात्र प्रश्नपत्र डाउनलोड गरी छपाई गर्न सम्बन्धित केन्द्राध्यक्षलाई निर्देशन दिइएको ।

अन्त्यमा, परीक्षा पूर्व गर्नु पर्ने तयारी अन्तर्गत परीक्षा केन्द्र निर्धारण, केन्द्राध्यक्ष गोष्ठी, जिल्ला सुरक्षा निकायहरूसँग अन्तरक्रिया, गोप्य सामग्रीको व्यवस्थापन, अनुगमन निरीक्षण लगायत सम्पूर्ण तयारी पूरा भएको हुँदा परीक्षाको गोपनीयता, मर्यादा, सम्वेदनशीलता र विश्वसनियता कायम गर्नु हामी सबैको दायित्व हो भन्ने कुरा हृदयंगम गर्दै स्वच्छ र मर्यादित रूपमा परीक्षा सञ्चालन गर्ने काममा सबै पक्षमा उच्च सतर्कता, सजगता र सद्भावसहित पूर्ण सहयोगको अपेक्षा गर्दछु । राष्ट्रिय परीक्षा बोर्डको यस कार्यमा सहयोग पुर्‍याई रहनु भएका सङ्घ, प्रदेश तथा स्थानीय तहको सरकारी संयन्त्र, प्रदेश परीक्षा व्यवस्थापन समिति, जिल्ला परीक्षा समन्वय समिति, गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपाल नगरपालिका सङ्घ, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, सेवा प्रदायक सङ्घ संस्थाहरू, सरोकार संस्था र निकायहरू तथा सञ्चारजगत लगायत सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि यहाँहरूबाट पूर्ण सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद !**

**(कृष्ण प्रसाद शर्मा)**
**परीक्षा नियन्त्रक**

**ईति सम्वत् २०८२ साल वैशाख १९ गते रोज ६ शुभम्**